माननीय मन्त्री
मेखलाल श्रेष्ठ

# लोकसेवा तयारी कक्षा संचालन निर्देशिका, २०७९

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि
तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

**प्रदेश सरकार**

**गण्डकी प्रदेश**

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

**पोखरा नेपाल**

महाशाखा प्रमुख

उप सचिव

सचिव

मानननीय मन्त्री
मेखलाल श्रेष्ठ

(क) पृष्ठभूमिः

आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिलाहरुलाई विभिन्न प्रतियोगितात्मक परीक्षाहरुमा सक्रिय रुपमा सहभागी गराउँदै सरकारी सेवा प्रवेशमा जागरुक गराई सेवा प्रवेश प्रतिको सकारात्मक भावना अभिवृद्धि गराउने उद्देश्य अनुरुप गण्डकी प्रदेश सरकारले आ.व. २०७९/०८० को बजेटमा विभिन्न प्रतियोगितात्मक परिक्षाहरुमा सहभागि हुन इच्छुक महिलाहरुका लागि पन्ध्र दिनको प्रतियोगितात्मक परीक्षा तयारी कक्षा संचालन गर्ने गरी बजेट व्यवस्था गरिएको छ ।

१. **तयारी कक्षा संचालनको उद्देश्यः** लोकसेवा तयारी कक्षा संचालनको माध्यमबाट निश्चित योग्यता पुगेका महिलाहरुको सरकारी सेवा प्रवेशमा सशक्तिकरण गर्ने ।

२. **कार्यक्रमको लागि लक्षित समूहः-** यसरी प्रतियोगितात्मक तयारी कक्षा संचालन गर्दा गण्डकी प्रदेशभित्रका सम्भव भए सम्म सवै जिल्लाका लोक सेवा तयारी कक्षामा सहभागी हुन चाहने तथा निश्चित योग्यता पुगेका महिलाहरु- (जसमा आदिवासी जनजाति, दलित, अपाङ्गता भएका, मधेशी तथा यस भन्दा पहिला यस सम्बन्धी तालिमको अवसर नपाएका महिलाहरुलाई विशेष प्राथमिकतामा राखिनेछ) लाई सहभागी गराइनेछ ।

३. प्रशिक्षार्थीहरुलाई देहाय बमोजिम राजपत्र अनंकित द्वितिय (सहायक स्तर चौथो) सरहको अप्राविधिक विषयमा तपसिल बमोजिम प्रशिक्षण गरिनेछ ।

<u>तपसिल</u>

| सि.नं. | तालिम संचालन हुने तह | जिल्ला | सहभागी सख्या | कैफियत |
|---|---|---|---|---|
| १. | अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितिय (सहायक स्तर चौथो) | ३ जिल्लाहरु क्रमश. तनहुँ, स्याङ्जा र बाग्लुङ | कुल जम्मा ९० जना | खुला सूचनाद्वारा सहभागी छनौट गरिने |

४. प्रशिक्षार्थीहरुको कोटा निर्धारण गर्दा तयारी कक्षालाई समावेशी वनाउन आदिवासी जनजाती, दलित, अपाङ्ग तथा मधेशी महिलाहरुलाई विशेष प्राथमिकतामा राखि प्रशिक्षार्थीहरुको छनौट गरिनेछ ।

नोट- उल्लेखित समूहले आफ्नो समूह प्रमाणित हुने कागजात पेश गर्नुपर्नेछ।

५. **कार्यक्रम कार्यान्वयन प्रकृयाः-** (१) यस कार्यक्रम मन्त्रालयबाट सिधै कार्यान्वयन हुनेछ ।
(२) मन्त्रालयले यस कार्यक्रमको लागि विनियोजित बजेट कार्यान्वयन गर्न नसक्ने अवस्था भएमा जिल्ला स्थित सामाजिक विकास कार्यालयहरुलाई समेत कार्यक्रम कार्यान्वयन गर्नको लागि अख्तियारी प्रदान गर्न सक्नेछ ।
(३) अख्तियारी प्राप्त गर्ने सामाजिक विकास कार्यालयले यसै मापदण्ड वमोजिम कार्यक्रम कार्यान्वयन गर्नेछ ।

महाशाखा प्रमुख

उप सचिव

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

मानननीय मन्त्री
मेखलाल श्रेष्ठ

६. **सूचना प्रकाशन गर्ने-** तयारी कक्षामा सहभागी हुन चाहने महिला सहभागीहरुको लागि सूचना प्रकाशन हुनेछ । उक्त सूचना कार्यक्रम संचालन गर्ने मन्त्रालयको वेवसाइट तथा सामाजिक विकास कार्यालयहरु मार्फत सार्वजनिक गरिनेछ ।

७. **निवेदन दिने ढाँचा-** तयारी कक्षामा सहभागी हुन चाहने महिला सहभागीहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

८. **विषयवस्तु निर्धारण सम्बन्धी व्यवस्थाः-** तयारी कक्षा संचालन सम्बन्धी विषयवस्तु लोकसेवा आयोगले स्थानीय तहको लागि निर्धारण गरेको पाठ्यक्रममा आधारित रही संचालन गरिनेछ।

९. **मन्त्रालय स्तरीय समिति गठन सम्बन्धी व्यवस्थाः-** तयारी कक्षा संचालन सम्बन्धी कार्यक्रमलाई थप व्यवस्थित गर्नको लागि मन्त्रालयमा एक समिति गठन हुनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्-

(क) संयोजक – प्रदेश सचिव, मन्त्रालय
(ख) सदस्य - उप-सचिव, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय
(ग) सदस्य - महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा
(घ) सदस्य - कानुन अधिकृत मन्त्रालय
(ङ) सदस्य - आर्थिक प्रशासन शाखा प्रमुख मन्त्रालय
(च) सदस्य-सचिव - शाखा प्रमुख मन्त्रालयको सम्बन्धित शाखा

१०. **जिल्ला स्तरीय समिति गठन सम्बन्धी व्यवस्थाः-** तयारी कक्षा संचालन सम्बन्धी कार्यक्रमलाई थप व्यवस्थित गर्नको लागि सामाजिक विकास कार्यालयमा एक समिति गठन हुनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्-

(क) संयोजक – प्रमुख सामाजिक विकास कार्यालय
(ख) सदस्य- प्रतिनिधि, जिल्ला समन्वय समिति
(ग) सदस्य - लेखा प्रमुख, सामाजिक विकास कार्यालय
(घ) सदस्य - जिल्लामा कार्यरत कर्मचारीहरु मध्येबाट समितिले तोकेको १ जना
(ङ) सदस्य-सचिव - शाखा प्रमुख कार्यालयको सम्बन्धित शाखा

११. **समितिको काम कर्तव्य र अधिकारः-** दफा ९ र १० बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) तालिमका लागि प्रशिक्षार्थीहरु छनौट गर्ने ।
(ख) तालिम संचालनका लागि प्रशिक्षकहरुको व्यवस्था गर्ने ।
(ग) तालिमका प्रशिक्षार्थीहरु छनौटका लागि आवश्यकतानुसार सम्बन्धित जिल्लाका स्थानीय तहहरुसँग समन्वय गर्ने ।
(घ) तालिम संचालन अवधिभरका लागि आवश्यकतानुसार कर्मचारी तथा जनशक्ति व्यवस्थापन गर्ने ।

महाशाखा प्रमुख
सचिव

मानननीय मन्त्री
मेखलाल श्रेष्ठ

(ङ) आवश्यकता अनुसार तालिम लिने सहभागीहरुको निवेदन धेरै पर्न आएमा अन्तर्वार्ताका माध्यमबाट सहभागी छनौट गर्ने ।

(च) समितिले तालिम संचालन सम्बन्धमा अन्य व्यवस्थापन लगायतका कार्यहरुका लागि आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

१२. **कार्यक्रमका सहभागी तथा खर्च गर्ने आधारहरुः-** (१) मन्त्रालयले संचालन गर्ने कार्यक्रमको लागि दफा ९ मा भएको व्यवस्था बमोजिमको समितिले निर्धारण गरे अनुसार सहभागी संख्या तय गरिनेछ र सोही आधारमा खर्च व्यवस्थापन गरिनेछ ।

(२) जिल्लास्थित सामाजिक विकास कार्यालयबाट संचालन हुने कार्यक्रम ३० जना महिला सहभागीहरुको लागि संचालन गरिनेछ साथै कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने आधारहरु अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

१३. **सहभागीहरुको योग्यता तथा उमेरको हदः-** तालिम सहभागी हुने प्रशिक्षार्थीहरुको योग्यता र उमेरको हद लोकसेवा आयोगले निर्धारण गरे वमोजिम हुनेछ ।

१४. **अनुगमन सम्बन्धी व्यवस्थाः** तालिम अनुगमन आवश्यकतानुसार मन्त्रालय तथा सामाजिक विकास कार्यालयबाट हुनेछ ।

१५. **विविधः-** यस निर्देशिका बमोजिम अख्तियारी प्राप्त गरी कार्यक्रम कार्यान्वयन गर्ने सामाजिक विकास कार्यालयहरुले कार्यक्रम संचालन सम्बन्धी प्रगति विवरण मन्त्रालयलाई पठाउनु पर्नेछ ।

१६. **वाधा अड्काउ फुकाउने अधिकारः** निर्देशिका अनुरुप कार्यक्रम कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो वाधा अड्काउ फुकाउनेछ ।

१७. **संशोधन एवं हेरफेरः** यस निर्देशिकामा संशोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा मन्त्रालयले आवश्यक संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

महाशाखा प्रमुख

माननीय मन्त्री
मेखलाल श्रेष्ठ

अनुसूची – १
दफा ७ सँग सम्बन्धित

## महिलाहरुको लागि संचालन गरिने लोक सेवा तयारी कक्षाका लागी आवदेन फाराम

श्री प्रमुखज्यू
..............................................मन्त्रालय/कार्यालय
..............................।

विषय- तयारी कक्षामा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा ................जिल्ला................न.पा/गा.पा वडा नं. ......... निवासी वर्ष .........कि म ............................. लाई तहाँ कार्यालयबाट मिति २०७९/ / मा प्रकाशित सूचना बमोजिम तयारी कक्षामा सहभागी हुन इच्छुक भएकोले उक्त तालिममा सहभागी गराइदिनुहुन अनुरोध गर्दछु । साथै विस्तृत विवरण निम्नानुसार रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

निम्नानुसार

१. नाम : ................................ २. स्थायी ठेगानाः ........................
३.हालको वसोवासको ठेगानाः.................. ४. जातीः ..............................
५. जन्म मितिः.................. ६. शैक्षिक योग्यताः ........................
७.उर्तिण गरेको सालः .................. ८. प्राप्तांक प्रतिशतमाः ........................
९. यस अगाडी तयारी कक्षामा सहभागी भएको/नभएकोः ..............................
१०. लोक सेवाको कुनै पनि परिक्षामा सहभागी भएको छ/छैनः ....................

निवेदक
नामथर-..........................
हस्ताक्षर- .........................
सम्पर्क नं.- ..........................

महाशाखा प्रमुख

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

मानननीय मन्त्री
मेखलाल श्रेष्ठ

अनुसूची- २

दफा १२(२) सँग सम्बन्धित

खर्च गर्ने आधारहरु

| सि न | विवरण | परिमाण/इकाई | रकम दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रशिक्षक– कार्यपत्र<br>सेसन | प्रतिकार्यपत्र वापत<br>प्रतिसेसन वापत | १२००<br>१००० | १३२००० | प्रतिदिन<br>४ वटा |
| २ | खाजा वापत प्रति सहभागी प्रतिदिन | ३५ जना (प्रशिक्षक संयोजक तथा सहयोगी समेत) | २०० | १०५००० | |
| ३ | सहभागी पेनड्राइभ | १ वटा | १००० | ३०००० | |
| ४ | सूचना प्रकाशन वापत | १ पटक | २०००० | २०००० | |
| ५ | वैठक भत्ता (आवश्यकता अनुसार तालिमका सहभागी छनौटका लागि अन्तर्वार्ता समेत) | | | ४५००० | |
| ६ | सहभागी स्टेशनरी | ३० जना | १०० | ३००० | |
| ७ | संयोजक भत्ता | १ जना | ५०० | ७५०० | |
| ८ | सहयोगी भत्ता | २ जना | १५० | ४५०० | |
| ९ | प्रशिक्षण सामाग्री वापत | एकमुष्ट | २५०० | २५०० | |
| १० | उद्घाटन/समापन खर्च | एकमुष्ट | २००० | २००० | |
| ११ | विविध खर्च | एकमुष्ट | २५०० | २५०० | |
| १२ | हलभाडा | १५ दिन | १५०० | २२५०० | |
| | | जम्मा रु | | ३७६५०० | |
| | | ३७६५०० x ३ जिल्ला गरी जम्मा | | ११२९५०० | |

महाशाखा प्रमुख

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल